# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजानिक गरिएको विवरण

## आर्थिक वर्ष २०७९/८० को माघ-चैत्रसम्म सम्पादित क्रियाकलापको विवरण

गण्डकी प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

पोखरा

# विषयसूची

१. मन्त्रालयको स्वरुप र प्रकृति

२. मन्त्रालयको काम, कर्तव्य र अधिकार

३. मन्त्रालयको कर्मचारी संख्या र कार्य विवरण

४. मन्त्रालयबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

६. सेवा प्राप्त गर्ने लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजूरी सुन्ने अधिकारी

९. आ.व.२०७८/७९ मा सम्पादन गरेको कामको विवरण

१०. आ.व. २०७९/८० मा सम्पादित कामको विवरण

११. सूचना अधिकारी र प्रमुखको नाम र पद

१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१३. आम्दानी, खर्च तथा आर्थिक कारोबार समबन्धी अद्यावधिक विवरण

१४. तोकिए बमोजिमका अन्य विवरण

१५. सार्वजनिक निकायको वेभसाइट

१६. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली

१७. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

१८. सार्वजनिक निकायकाले गरेको प्रकाशन विवरण

## १. मन्त्रालयको स्वरुप र प्रकृति

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, स्रोतको बाँडफाँट, वित्तीय तथा विकास नीति, वार्षिक विकास कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा लैजाने, आयोजना तथा कार्यक्रमको अनुगमन एवं मूल्याङ्कनबाट विनियोजन दक्षता र आयोजना कार्यान्वयन कुशलता प्रवर्द्धनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो। आन्तरिक स्रोत र नेपाल सरकारबाट प्राप्त अनुदान, वैदेशिक अनुदान र ऋणको विनियोजनलाई समुचित संयोजन गर्नु मन्त्रालयको महत्वपूर्ण कार्य जिम्मेबारी रही आएको छ। साविकमा आर्थिक मामिला तथा योजना मन्त्रालयको व्यवस्था रहिआएकोमा प्रदेश नीति तथा योजना आयोगको स्थापनासगै प्रदेश मन्त्रिपरिषद्को मिति २०७८/०२/०५ को निर्णय बमोजिम मन्त्रालयको नाम परिवर्तन भई अर्थ मन्त्रालय रहेकोमा मिति २०७९/०९/२७ को निर्णयानुसार आर्थिक मामिला मन्त्रलाय भएको हो । आगामी दिनमा मन्त्रालयले सार्वजनिक वित्तको पारदर्शी परिचालन, प्रदेशको वित्तीय व्यवस्थामा सन्तुलन, आर्थिक विकास, अन्तरसरकारी वित्त हस्तान्तरण, स्रोतको न्यायोचित एवं सन्तुलित वितरणमा थप प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता रहेको छ ।

**क) दृष्टिकोण:**

प्रदेशको सवल र समुन्नत अर्थतन्त्र निर्माण ।

**ख) लक्ष्य :**

आन्तरिक राजस्व परिचालनबाटै सार्वजनिक खर्चको परिपूर्ति गरी वित्तीय संघीयतालाई मजबुत बनाउने।

ग) **उद्देश्य**:

उपलब्ध स्रोत साधनको दक्षतापूर्ण विनियोजन र कुशल परिचालनबाट न्यायोचित वितरण सहितको आर्थिक बृद्धि गर्नु ।

**घ) रणनीति :**

१. राजस्वका स्रोतहरूको पहिचान एवं कराधार विस्तार गरी यसको अधिकतम परिचालन गर्ने,
२.आर्थिक उपलब्धीको न्यायोचित वितरण गर्दै गरिबी निवारणमा योगदान पुऱ्याउने,
३.लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्दै रोजगारीका अवसर सिर्जना गर्ने,
४. उपलब्ध स्रोत साधन वितरणमा सामाजिक न्याय कायम गर्ने एवं अन्तर-स्थानीय तहका बीचमा सन्तुलन हुने गरी लगानी र पुनर्वितरण गर्ने,
५.आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा सार्वजनिक खर्चको मितव्ययी र दक्षतापूर्ण उपयोग गर्ने।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

गण्डकी प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ (संशोधन सहित) बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारी देहायानुसार रहेका छन्ः

१. प्रदेश आर्थिक अवस्थाको विश्लेषण तथा नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
२. प्रदेश स्तरको स्रोतको बाडँफाँट, लगानी, प्रक्षेपण र वित्तीय व्यवस्थापन,
३. प्रदेशस्तरको वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
४. संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
५. प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,
६. प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,
७. संघीय नीति अनुरूप सहवित्तीयकरण,
८. प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,
९. प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
१०. प्रदेश सञ्चितकोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
११. प्रदेश पूरक अनुमान तथा पेश्की खर्च, प्रदेशको उधारो खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
१२. प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
१३. प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
१४. प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र आन्तरिक लेखापरीक्षण,
१५. घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन, नियमन,
१६. संघीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण,
१७. प्रदेशको कर प्रणालीको राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
१८. संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
१९. बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,
२०. प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,

२१. आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड र सो सम्बन्धी अन्य कार्य।

२२. दिगो विकास लक्ष्य अनुसार बजेट कोडिङ्ग, लैङ्गिक बजेट कोडिङ्ग र जलवायु बजेट कोडिङ्ग

२३. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग र वर्गिकरण तथा चक्लाबन्दी सम्बन्धि नीति, कानून तथा मापदण्डको तर्जुमा कार्यान्वयन र नियमन

२४. निजी सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन

२५. जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिला खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन

२६. संघीय सरकारबाट प्राप्त हुने नक्सा भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन

२७. नापनक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना

२८. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन

२९. भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, हलियाआदि वर्गको बसोवास, जीविकोपार्जन र पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन

३०. सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन

३१. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन

३२. गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण,अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय

३३. गरीबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवं योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन गरिब घरपरिवार पहिचान सामाजिक सुरक्षा र संरक्षण

३४. सहकारी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान

३५. सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन

३६. सहकारी सम्बन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य

३७. सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिबृद्धि र परिचालन

३८. गरीबी निवारण सम्बन्धी कार्यक्रम तर्जुमा, कार्यन्वयन, अनुगमन तथा मूल्याङ्कन

३९. गरीबी निवारण सम्बन्धी अन्तर मन्त्रालय तथा अन्तर निकाय समन्वय

## ३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

### ३.१. मन्त्रालयको दरबन्दी र पदपूर्ति विवरण

| क्र.स. | पद | सेवा | समूह | श्रेणी /तह | दरबन्दी | पदपुर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | नेपाल प्रशासन | | रा.प.प्रथम/एघारौं | १ | १ | ० |
| २ | उप-सचिव | नेपाल प्रशासन | सा.प्र. | नवौं/दशौं | १ | १ | ० |
| ३ | उप-सचिव | नेपाल प्रशासन | राजस्व | नवौं/दशौं | २ | १ | १ |
| ४ | प्रमुख नापी अधिकृत | इन्जि/सर्भे | इन्जि/सर्भे | नवौं/दशौं | १ | १ | ० |
| ५ | शाखा अधिकृत | नेपाल प्रशासन | सा.प्र. | सातौं/आठौं | ७ | ५ | २ |
| ६ | शाखा अधिकृत | नेपाल प्रशासन | राजस्व | सातौं/आठौं | २ | २ | ० |
| ७ | लेखा अधिकृत | नेपाल प्रशासन | लेखा | सातौं/आठौं | १ | १ | ० |
| ८ | कानून अधिकृत | नेपाल न्याय | कानून | सातौं/आठौं | १ | १ | ० |
| ९ | तथ्याङ्क अधिकृत | ने.आ.यो.तथा.त. | | सातौं/आठौं | १ | ० | १ |
| १० | कम्प्यूटर इन्जिनियर | नेपाल विविध | | सातौं/आठौं | २ | ० | २ |
| ११ | कम्प्युटर अधिकृत | नेपाल विविध | | सातौं/आठौं | १ | १ | ० |
| १२ | अर्थशास्त्री | नेपाल विविध | | सातौं/आठौं | १ | ० | १ |
| १३ | नापि अधिकृत | इन्जि/सर्भे | इन्जि/सर्भे | सातौं/आठौं | १ | १ | ० |
| १४ | सहायक/अधिकृत | नेपाल प्रशासन | सा.प्र. | पाँचौं / छैटौं | ५ | ४ | १ |
| १५ | सहायक/अधिकृत | नेपाल प्रशासन | राजस्व | पाँचौं / छैटौं | २ | १ | १ |
| १६ | कम्प्यूटर अधिकृत/अपरेटर | नेपाल विविध | | पाँचौं / छैटौं | ३ | १ | २ |
| १७ | सर्वेक्षक/अधिकृत | इन्जि/सर्भे | इन्जि/सर्भे | पाचौं/छैठौं | १ | १ | ० |
| १८ | सह-लेखापाल | नेपाल प्रशासन | लेखा | चौंथो | १ | ० | १ |
| १९ | सहायक | नेपाल प्रशासन | सा प्र | चौथो/पाँचौं | १ | १ | ० |
| २० | ह.स.चा. | इन्जिनियरीङ्ग | | सहायक दित्तीय | ५ | ४ | १ |
| २१ | का.स./स्वीपर/माली | नेपाल प्रशासन | | सहायक प्रथम | ५ | ५ | ० |
| जम्मा | | | | | ४५ | ३२ | १३ |

### ३.२ प्रदेश लेखा नियन्त्रक कार्यालयको दरबन्दी र पदपूर्ति विवरणः

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक | नेपाल प्रशासन | लेखा | नवौं/दशौं | १ | १ | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | लेखा अधिकृत | नेपाल प्रशासन | लेखा | सातौं/आठौं | ४ | २ | २ | |
| ३ | लेखापाल | नेपाल प्रशासन | लेखा | पाँचौं/छैठौं | ४ | ४ | - | |
| ४ | कम्प्युटर अपरेटर/ अधिकृत | नेपाल विविध | विविध | पाचौं/छैठौं | १ | १ | - | |
| ५ | सहायक लेखा | नेपाल प्रशासन | लेखा | चौंथो | ४ | २ | २ | |
| ६ | ह.स.चा. | | | तह बिहीन | २ | २ | - | |
| ७ | कार्यालय सहयोगी | | | तह बिहीन | ४ | ४ | - | |
| | | | | **जम्मा** | **२०** | **१६** | **४** | |

नोटः प्रदेश लेखा नियन्त्रक कार्यालय अन्तर्गत १० वटै जिल्लामा प्रदेश लेखा इकाई कार्यालय रहेका छन्। लेखा ईकाईको कार्य प्रदेश लेखा नियन्त्रक कार्यालय रहेको जिल्ला (कास्की)मा प्रदेश लेखा नियन्त्रक कार्यालयले र अन्य जिल्लाको हकमा लेखा इकाईको कार्य हाल कोष तथा लेखा नियन्त्रक कार्यालयका कर्मचारीबाट नै सम्पादन हुँदै आएको छ।

स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार मन्त्रालयमा निम्न महाशाखा र शाखाहरु रहेको छन् र यी शाखाहरुको कार्यहरु देहाय अनुसार रहेको छ ।

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवा

| क्र.सं. | महाशाखा | प्रदान गरिने सेवा |
|---|---|---|
| १. | **बजेट तथा कार्यक्रम महाशाखा** | • प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन<br>• राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग<br>• प्रदेश सार्वजनिक खर्च, मध्यमकालीन खर्च संरचना र खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | **प्रशासन सहकारी तथा अनुगमन मुल्याङ्कन महाशाखा** | • सामान्य प्रशासन<br>• मन्त्रालयको आर्थिक प्रशासन<br>• प्रादेशिक योजना तथा अनुगमन<br>• माताहतका कार्यालयको अनुगमन मुल्यांकन गर्ने, |

| क्र.सं. | महाशाखा | प्रदान गरिने सेवा |
| --- | --- | --- |
| | | • प्रदेशका महत्वपुर्ण आयोजनाको अनुगमन र मुल्यांकन गर्ने<br>• गरिबी निवारण सम्बन्धी प्रादेशिक निति कानुन योजना कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन |
| ३. | **वित्त व्यवस्थापन तथा आर्थिक नीति विश्लेषण महाशाखा** | • प्रदेश स्तरको स्रोतको बाडँफाँट, लगानी, प्रक्षेपण र वित्तीय व्यवस्थापन,<br>• प्रदेशस्तरको वित्त सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,<br>• प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,<br>• आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन<br>• राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन<br>• प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र आन्तरिक लेखापरीक्षण,<br>• घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन, नियमन,<br>• आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड र कार्य।<br>• प्रदेशको तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य, |
| ४ | भूमि व्यवस्था तथा भूमि स्रोत नक्सांकन महाशाखा | • निजी सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन गर्ने,<br>• जग्गासम्बन्धी नीति मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने, |

| क्र.सं. | महाशाखा | प्रदान गरिने सेवा |
|---|---|---|
| | | • जग्गा नापजाँच भुमी सुधार भु-उपयोगसम्बन्धी प्रादेशिक नीति मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने<br>• नापि भूमि लगत सम्बन्धी मापदण्ड निर्माण र कार्यान्वयन गर्ने |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार कर्मचारी

| क्र.सं | महाशाखा /शाखा | कर्मचारीको नाम | पद | कै. |
|---|---|---|---|---|
| १. | **बजेट तथा कार्यक्रम महाशाखा** | राजेन्द्र बन्धु अर्याल | उपसचिव | |
| क. | बजेट तथा कार्यक्रम शाखा(क) | पार्वति लामिछाने | अधिकृत (आठौं) | |
| | | कल्पना देवी सापकोटा | अधिकृत (सातौं) | |
| | | गोविन्द प्रसाद रिजाल | क.अ.(छैटौं) | |
| ख | बजेट तथा कार्यक्रम शाखा(ख) | केशव सुबेदी | शाखा अधिकृत | |
| | | नारायण प्रसाद | अधिकृत (सातौं) | |
| | | गोविन्द प्रसाद रिजाल | क.अ.(छैटौं) | |
| ग | सुचना प्रविधि शाखा | तेज वहादुर गुरुङ | क.अ.(आठौं) | |
| | | गोविन्द प्रसाद रिजाल | क.अ.(छैटौं) | |
| २. | **प्रशासन तथा योजना महाशाखा** | याम प्रसाद सुबेदी | उपसचिव | |
| क | माननीय मन्त्रीज्यूको निजी सचिवालय | रामेश्वर ढुङ्गाना | अधिकृत(छैटौं) | |
| ख | सचिवज्यूको निजी सचिवालय | तेज बहादुर गुरुङ | क.अ.(आठौं) | |
| ग | प्रशासन तथा योजना शाखा | केशव सुबेदी | शाखा अधिकृत | |
| | | शशिधर सुबेदी | अधिकृत (आठौं) | |
| | | तारानाथ सुबेदी | अधिकृत (छैटौं) | |
| | | वसन्तराज ढकाल | अधिकृत(छैटौं) | |
| | | सरस्वती सुवेदी | सहायक (पाचौं) | |
| घ | आर्थिक प्रशासन शाखा | कृष्ण प्रसाद पोखेल | लेखा अधिकृत (सातौं) | |
| | | इन्द्र कुमारी जि.सी. | सहायक (पाचौं) | |
| ङ | कानुन तथा फैसला कार्यान्वयन शाखा | तेजेन्द्र प्रसाद ढकाल | कानुन अधिकृत | |
| ३. | **वित्त व्यवस्थापन तथा आर्थिक नीति विश्लेषण महाशाखा** | राजेन्द्र बन्धु अर्याल | उपसचिव | |
| क | राजस्व व्यवस्थापन शाखा | कल्पना देवी सापकोटा | अधिकृत (सातौं) | |
| ख | अन्तर सरकारी वित्त हस्तान्तरण शाखा | गीता घिमिरे(दोरङ्गा) | अधिकृत (आठौं) | |

| | | | | |
|---|---|---|---|---|
| ग | आर्थिक तथा वित्तिय विश्लेषण शाखा | गीता घिमिरे(दोरङ्गा) | अधिकृत (आठौं) | |
| ४ | **भूमि व्यवस्था तथा भूमिस्रोत नक्सांकन महाशाखा** | **गंगालाल पोखरेल** | **नापि अधिकृत (दशौ)** | |
| क | भूमि व्यवस्थापन शाखा | मिलन केसी | नापि अधिकृत (सातौ) | |
| ख | भूमिस्रोत व्यवस्थापन शाखा | पुष्पराज पौडेल | अधिकृत (आठौ) | |
| | | मिलन केसी | नापि अधिकृत (सातौ) | |
| | | दामोदर भट्टराई | नापि अधिकृत (छैटौ) | |
| | | रामचन्द्र बराल | सर्वेक्षक (पाचौ) | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

यस मन्त्रालयबाट प्रवाह गरिने सबै सेवा नि:शुल्क रुपमा गरिनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

सम्बन्धित शाखा र महाशाखाबाट निर्णयका लागि विषय उठान भइसकेपछि अधिकार प्रत्यायोजनको सीमासम्म सचिवबाट र अधिकार प्रत्यायोजन नभएको विषयमा मन्त्रीस्तरबाट निर्णय गरिने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रदेश अर्थसचिव विष्णुप्रसाद शर्मा

## ९. आर्थिक वर्ष २०७८/०७९ मा सम्पादन भएका कामको विवरण

१. राजस्व परिचालनका सम्भावित क्षेत्रहरुको पहिचान र क्षेत्र विस्तार सम्बन्धी सरोकारवालाहरुसँग अन्तरक्रिया एवं छलफल
२. प्रदेश सरकारका जिल्ला स्थित कार्यालयहरुसँग बजेट कार्यान्वयन र आर्थिक अनुशासनसम्बन्धी अन्तरक्रिया एवं छलफल कार्यक्रम
३. प्रदेश सरकारको बजेट कार्यान्वयन तथा आर्थिक अनुशासनसम्बन्धी प्रदेश लेखा ईकाई कार्यालयहरुसँग छलफल तथा अन्तरक्रिया
४. गण्डकी प्रदेशका मालपोत कार्यालय र यातायात कार्यालयसँग राजस्व संकलन र परिचालन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम

५. मन्त्रालयहरुलाई PLMBIS सम्बन्धी अभिमुखिकरण कार्यक्रम
६. आर्थिक वर्ष २०७७/७८ को वार्षिक बजेट समिक्षा गरी प्रकाशन गरिएको
७. आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रमको अर्धबार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको
८. आ.व.२०७९/८० को बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा विज्ञहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम
९. आ.व.२०७९/८० को बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा प्रदेश सभा सदस्यहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम
१०. गण्डकी प्रदेशको सामाजिक-आर्थिक विश्लेषण तयारी र प्रकाशन
११. आ.ब. २०७८/७९ को गण्डकी प्रदेशको आर्थिक सर्वेक्षण तयारी र प्रकाशन
१२. आ.व.२०७९/८० को बजेटका सिद्धान्त र प्राथमिकता तर्जुमा र प्रकाशन
१३. आ.व.२०७९/८० को वार्षिक विकास कार्यक्रम तर्जुमा र प्रकाशन
१४. आ.व.२०७९/८० बजेट वक्तव्य तर्जुमा र प्रकाशन
१५. विनियोजन ऐन २०७९ र आर्थिक ऐन, २०७९ तर्जुमा र प्रकाशन

## १०. आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका कामको विवरण

१. राजस्व परिचालनका सम्भावित क्षेत्रहरुको पहिचान र क्षेत्र विस्तार सम्बन्धी सरोकारवालाहरुसँग अन्तरक्रिया एवं छलफल
२. प्रदेश सरकारका जिल्ला स्थित कार्यालयहरुसँग बजेट कार्यान्वयन र आर्थिक अनुशासनसम्बन्धी अन्तरक्रिया एवं छलफल कार्यक्रम
३. प्रदेश लेखा ईकाई कार्यालयका कर्मचारीहरुसँग अन्तरक्रिया कार्यक्रम
४. खर्चको मापदण्ड २०७९ तर्जुमा
५. सार्वजनिक खरिदसम्बन्धी प्रदेश नियमावली परिमार्जन
६. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि संसोधन
७. बजेट तर्जुमा तथा आर्थिक कार्यविधि सम्बन्धी अनुभव आदानप्रदानका लागी प्रदेश १ र बागमति प्रदेशसग अन्तरक्रिया कार्यक्रम सम्पन्न
८. राजस्व परामर्श समिति र उपसमिति गठन र छलफल
९. स्थानीय तहका जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतसँग अन्तरसम्बन्ध र वित्तीय हस्तान्तरणका विषयमा अन्तरक्रिया एवं छलफल कार्यक्रम
१०. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी नियमावली, २०७९ तर्जुमा

## १. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

कार्यालय प्रमुख: विष्णुप्रसाद शर्मा, प्रदेश सचिव

सूचना अधिकारी : केशव सुबेदी, शाखा अधिकृत

## १२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

क) कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, २०७५

ख) प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५

ग) प्रदेश आकस्मिक कोष ऐन, २०७५

घ) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८

ङ) विनियोजन ऐन, २०७९

च) आर्थिक ऐन, २०७९

छ) सार्वजनिक खरिदसम्बन्धी प्रदेश नियमावली, २०७६

ज) कर तथा गैरकर राजस्व संकलन सम्बन्धी निर्देशिका २०७५

झ) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७

ञ) खर्चको मापदण्ड, २०७९

ट) बहुवर्षिय ठेक्का बन्दोबस्ती सम्बन्धी निर्देशिका, २०७५

ठ) पूर्वाधार विकास कार्यक्रमसम्बन्धि कार्यविधि, २०७९

## १३. आम्दानी, खर्च तथा आर्थीक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### १) राजस्व परिचालनको अवस्था

| सि.न. | शिर्षक | वार्षिक लक्ष्य | अघिल्लो महिनाको प्रासी | चैत्र महिनाको प्रासी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ११११४, १४२११ | कृषि आयमा कर | २५००००० | ४२५,२४७ | ४९८७० | ४७५११७ | १९.०० |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन | १०००००००० | ३३१३२०२११.८ | ३०२०८३८.५ | ३३४३४१०५०.३ | ३३.४३ |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरन्जन कर | ५०००००० | ४००० | ० | ४००० | ०.०८ |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | १००००००० | ३८००० | ९६० | ३८९६० | ०.३९ |
| १४१५७ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त आय | १५००००००० | ३१९११९८८.२ | १६०८५२६ | ३३५२०५१४.२ | २२.३५ |
| १४१९१, १४१९२ | पर्यटन,पदयात्रा | १७००००० | ४२४६०० | ११०० | ४२५७०० | २५.०४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३३३४१ | सवारी साधन कर | १८००००००००० | ११७१४००४०६ | २९४८३६०४० | १४६६२३६४४६ | ८१.४६ |
| ११४५१, १४२२४, १४२५६ | यातायात क्षेत्रको अन्य आम्दानी | ७७१०००००० | ३५६३४५५५२ | ५४३४९८४७ | ४१०६९५३९९ | ५३.२७ |
| - | अन्य आम्दानी | २०७१४०००००० | ३९९३०३६९३.५ | २९३३२१२२.८ | ४२८६३५८१६.३ | २०.६९ |
| | **जम्मा राजस्व प्रशासन** | **५८११६०००००** | **२२९११७३६९८** | **३८३१९९३०४** | **२६७४३७३००३** | **४६.०२** |
| | सवारी साधन कर बाँडफाँट | -७२०००००००० | -४६८५६०१६२ | -११७९३४४१६ | -५८६४९४५७८ | **८१.४६** |
| | **जम्मा राजस्व संकलन** | **५०९१६००००० | **१८२२६१३५३६** | **२६५२६४८८८** | **२०८७८७८४२४** | **४१.०१** |

२. बार्षिक बजेट र खर्च विवरण

क. मन्त्रालयको बार्षिक बजेट र खर्च विवरण:

रकम रु. हजारमा

| क्र.सं. | बजेटको किसिम | विनियोजन | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालु | ११६१०३ | ३०९३८ | २६.६५ |
| २. | पुँजीगत | ६१९२३ | ७०३ | १.१३ |
| | जम्मा | १७८०२९ | ३१६४१ | १७.७७ |

## १४. तोकिए बमोजिमका अन्य विवरण

क. समग्र प्रदेशको बजेट विनियोजन र खर्च विवरण :

रकम रू. हजारमा

| सि.नं. | वर्गीकरण | विनियोजित | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | चालु | १३०५७००९ | ४८८७०९५ | ३७.४३ |
| २. | पुँजीगत | २२३५१९९१ | ६२५५९४५ | २७.९९ |
| ३ | वित्तीय व्यवस्था | ५००००० | ० | ० |
| | **जम्मा** | **३५९०९०००** | **१११४३०३५** | **३१.०३** |

ख .स्थानीय तहमा राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरणको विवरण:

रकम रू. हजारमा

| क्र.सं. | अनुदानको किसिम | विनियोजन | हस्तान्तरण | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | वित्तीय समानीकरण | ११६०००० | ८७०००० | ७५.०० |
| २. | सशर्त अनुदान | २१४५०० | १०७२५० | ५०.०० |
| ३. | विशेष अनुदान | २६१००० | १३०५०० | ५०.९५ |
| ४. | समपूरक अनुदान | ५०४००० | २५२००० | ५०.०० |

| | | | | |
|---|---|---|---|---|
| ६. | प्रशासनिक भवन निर्माण | १५००० | ३४५८० | २३.०० |
| ७. | राजस्व बाँडफाँट (सवारी साधन कर) | ७२०००० | ५८६४९४ | ८१.४५ |

## १५. सार्वजनिक निकायको वेभसाइट

यस मन्त्रालयको वेभसाइट mof@gandaki.gov.np रहेको छ ।

## १६. मन्त्रालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामवाली

सबै सूचना खुला रहेको ।

## १७. मन्त्रालयमा परेका सूचना माग सम्वन्धी निवेदन

माग भएको र उपलब्ध गराएको सूचनाको संख्या- २

## १८. मन्त्रालयले गरेको प्रकाशनको विवरण

- व्यय अनुमानको विवरण
- वार्षिक विकास कार्यक्रम
- आर्थिक ऐन
- विनियोजन ऐन
- मन्त्रालयगत प्रगति विवरण
- मघ्यमकालिन खर्च संरचना
- बजेट बक्तव्य
- आर्थिक सर्वेक्षण
- गण्डकी प्रदेशको सामाजिक-आर्थिक विश्लेषण
- आ.व.२०७८/७९ को वार्षिक बजेट समीक्षा
- आ.व.२०७९/८० को अर्धवार्षिक बजेट समीक्षा

प्रस्तुत विवरण मन्त्रालयको वेभसाइट **mof@gandaki.gov.np** मा हेर्न सकिने छ ।